## मिति २०८२/१२/१३ गतेको गाउँ कार्यपालिकाको ९ औं बैठकबाट भएका निर्णय सार्वजन गरिएको ।

**पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | यस अघिका बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा। | |
| २. | चालु आ.व. २०८२/०८३ को हालसम्को प्रगित समिक्षा सम्बन्धमा । | |
| ३. | LGPAS पृष्ठपोषण गर्ने सम्बन्धमा। | |
| ४. | बाख्रा स्रोत केन्द्र व्यवस्थापन सम्बन्धमा । | |
| ५. | सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा । | |
| ६. | खेलकुद समिति गठन तथा परिचालन कार्यविधि परिमार्जन सम्बन्धमा । | |
| ७. | विविध । | |

## मिति २०८२/१२/१३ गतेको गाउँ कार्यपालिकाको ९ औं बैठकबाट भएका निर्णयहरुः

१. यस गाउँ कार्यपालिकाबाट यस अघिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति समिक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने।

२. यस गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन र सेवा प्रवाह सम्बन्धी हालसम्मको प्रगति समिक्षा गरियो ।

३. यस गाउँपालिकाको आ.व. २०८१/०८२ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रारम्भिक नतिजा माथि छलफल गरि आवश्यक पृष्ठपोषण प्रदान गरियो ।

४. यस भगवतीमाई गाउँपालिका वडा नं. १ मा रहेको सरकारी बाख्रा स्रोत केन्द्र व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम अनुगमन तथा अध्ययन समिति गठन गर्ने र सो समितिको प्रतिवेदनको आधारमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्ने ।

**तपशिलः**

| क्र.सं. | नाम, थर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | श्री गणेश प्रसाद शर्मा | वडा अध्यक्ष | - संयोजक |
| २. | श्री इन्द्र बहादुर थापा | वडा अध्यक्ष | - सदस्य |
| ३. | श्री विकास बहादुर जि.सी. | शाखा अधिकृत | - सदस्य |
| ४. | श्री गणेश राज जोशी | पशु स्वास्थ्य प्राविधिक | - सदस्य सचिव |

५. सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन (SaMi) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिम साझेदारी गर्ने र उक्त कार्यक्रम यस गाउँपालिकामा लागु गर्ने ।

क.एक जना मनोसामाजिक परामर्शकर्ता पाँचौ तह को ५० प्रतिशत तलब तथा सुविधा, बीमा शुल्क र पोशाक भत्ता वापत रु. २,५६,०००।

ख. स्थानीय तहको आफ्नै स्रोतमा कम्तिमा दुई २ जना रिटर्नी स्वयंसेवक नियुक्त गरी परिचालन गर्नुपर्ने वा स्थानीय तहले तोकेको वडा जनप्रतिनिधि वा कर्मचारीलाई सम्बन्धित यस गाउँपालिकाको नियमानुसार परिचालन गर्ने ।

६. यस भगवतीमाई गाउँपालिका, गाउँपालिका स्तरीय खेलकुद समिति गठन तथा परिचालन निर्देशिका/कार्यविधि अद्यावधिक गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

**भिन्न मत**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |